# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, कात्तिक १६ गते २०४४ साल (संख्या २८

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी काठमाडौंमा सम्पन्न हुने तेस्रो सार्क शिखर सम्मेलनको उपलक्ष्यमा निम्न डिजाईन, नाप र तौलको असर्फी तथा रू. ३००।– र रू. ५।– दरको सिक्काहरू नेपाल राष्ट्र बैंकबाट टकमरी गरी निष्काशन गर्ने स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ।

#### सुनको सिक्काको विवरण

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४४ रही स्वस्तिक चिन्हभित्र "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागः– वरिपरि ६४ थोप्लाभित्र वृत्ताकारमा माथिल्लो भागमा "THIRD SUMMIT" र तल्लो भागमा "KATHMANDU 1987" र बीचमा "SAARC" को लोगो र लोगोको तल नेपालीमा "असर्फी" रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

| | | |
|---|---|---|
| १. | सिक्काको दर | असर्फी |
| २. | व्यास | २८.५ मि. मि. |
| ३. | तौल | १५ ग्राम |
| ४. | शुद्धता | ९० प्रतिशत |
| ५. | सिरेशन | भएको |
| ६. | अधिकतम मुद्रण | ५,००० (पाँच हजार थान) |

## चाँदीको सिक्काको विवरण

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४४ रही स्वस्तिक चिन्हभित्र "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भागः– वरिपरि ६४ थोप्लाभित्र वृत्ताकारमा माथिल्लो भागमा "THIRD SUMMIT" र तल्लो भागमा "KATHMANDU 1987" र बीचमा "SAARC" को लोगो र लोगोको दायाँ बायाँ अंग्रेजीमा "Rs. 300" र नेपालीमा "रू. ३००" रहनेछ ।

| | | |
|---|---|---|
| १. | दर | रू. ३००।– |
| २. | व्यास | ३८.७ मि. मि. |
| ३. | तौल | २५ ग्राम |
| ४. | शुद्धता | ९२.५ प्रतिशत |
| ५. | सिरेशन | भएको |
| ६. | अधिकतम मुद्रण | १०,००० (दश हजार थान) |

## तामाको सिक्काको विवरण

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४४ रही स्वस्तिक चिन्हभित्र "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भागः– वरिपरि ६४ थोप्लाभित्र वृत्ताकारमा माथिल्लो भागमा "THIRD SUMMIT" र तल्लो भागमा "KATHMANDU 1987", बीचमा "SAARC"को लोगो र लोगोको दायाँ बायाँ अंग्रेजीमा "Rs. 5" र नेपालीमा "रू. ५।–" रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250

| | | |
|---|---|---|
| १. | दर | रू. ५।– |
| २. | व्यास | ३८.७ मि.मि. |
| ३. | तौल | २० ग्राम |
| ४. | शुद्धता | ९५ प्रतिशत |
| ५. | सिरेशन | भएको |
| ६. | अधिकतम मुद्रण | ५,००० (पाँच हजार थान) |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५९